प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम: बुटवल, नेपाल

# सचिव बैठकका निर्णयहरु
(२०७९।०३।२०)

- गत सचिव बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा गरियो ।
- सबै मन्त्रालयहरुको चालु आर्थिक वर्ष २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरियो । सबै मन्त्रालय/कार्यालयहरुले असार २४ गते भित्र चालू आर्थिक वर्षको आर्थिक्र कारोवारको सम्बन्धमा वित्तीय उत्तरदायित्व नियमावली अनुसार प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट भएको परिपत्र कार्यान्वयन गरी निर्धारित लक्ष्य हासिल गर्ने ।
- आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट प्रदेश सभाबाट स्वीकृत भई सकेको हुँदा तदनुरुप नीति, बजेट एवं कार्यक्रमहरुको मुख्य कार्य सम्पादन सूचक केपीआइको आधारमा माइलस्टोन सहित एकीकृत वार्षिक कार्य योजनाको मस्यौदा तयार गरी यथाशिघ्र पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, शासकीय सुधार महाशाखाका उपसचिवको संयोजकत्वमा आर्थिक मामिला तथा योजना मन्त्रालंयका उपसचिव, प्रदेश योजना आयोगका निमित्त सचिव र विषयगत मन्त्रालयका योजना महाशाखा प्रमुख सम्मिलित एक कार्यदल गठन गर्ने ।कार्यदलले तुरुन्त कार्य प्रारम्भ गरी ७ सात दिन भित्र मस्यौदा प्रतिवेदन पेश गर्ने।
- नीति, बजेट एवं कार्यक्रमहरुको कार्यान्बयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका तथा मापदण्ड यथाशिघ्र तयार गर्ने ।
- सबै मन्त्रालयका सचिवहरुले वर्षभरी सम्पादन गरेका प्रमुख कार्यहरुको विवरण तयार गरी सात दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा पेश गर्ने ।
- सबै मन्त्रालय/निकायले कार्यसम्पादनको क्रममा बेरुजु कम हुने रणनीति अपनाउने र हालसम्म रहेको बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी लक्ष्य अनुसारको बेरुजु फर्छ्यौट गर्ने ।बेरुजुको लगत पठाउन बाँकी मन्त्रालयहरुले बेरुजुको लगत यथाशिघ्र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पठाउने ।
- नया तर्जुमा गर्नुपर्ने तथा परिमार्जन गर्नुपर्ने ऐन, नियम, कानूनहरुलाई उच्च प्राथमिकता दिइ तर्जुमा तथा परिमार्जनका लागि पेश गर्ने ।

२०७९।०३।२०
प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल

- सचिव बैठकको प्रभावकारी कार्यान्वयन गरी अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पठाउने ।
- अख्तियार दुरुपयोग अनुसनेधान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत अन्य निकायबाट माग भएका पत्रहरुको यथाशिघ्र जवाफ/प्रतिक्रिया उपलब्ध गराउने ।
- अन्तरमन्त्रालय/अन्तरनिकाय समन्वयलाई थप प्रभावकारी बनाउने । समन्वय र सहकार्यलाई प्रभावकारी बनाई विभिन्न निकायबाट प्राप्त पत्रहरुमा सम्बन्धित निकायले सुझाव राय समयभित्र दिने । Whole of the Government तथा Team Work को मर्म र भावना अनुसार Collective Efforts का साथ कार्य सम्पादन गर्ने ।

२०७९।०४।२०
प्रमुख सचिव